# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खजुराखुर्द, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७ मिति : २०७७/०३/१४

च.नं. १३८९

विषय : जानकारी सम्बन्धमा।

श्री जानकी गाउँपालिका वडा कार्यालय (सबै)
बाँके

प्रस्तुत विषयमा **संघीय आयोजना कार्यान्वयन ईकाइ**, नेपालगंज बाँके बाट च.नं. १२९२ मिति २०७७/०१/२८ गते प्राप्त पत्रानुसार **सुरक्षित नागरिक आवास कार्यक्रम** अन्तर्गत यस जानकी गाउँपालिकाका विभिन्न वडाहरुबाट छनौट भएका लाभग्राहीहरुले पहिलो किस्ता प्राप्त लाभग्राहीले दोश्रो किस्ताका लागि र बाँकी छुट भएका लाभग्राहीहरुले पहिलो किस्ताका लागि कागजात पेश गर्ने तथा हाल सम्म पनि सम्झौता नभएका लाभग्राहीहरुले सम्झौताका लागि आवेदन दिन समेत जानकारी गराउँदै तपशिलका कागजात सहित मिति २०७७/०३/१८ गते भित्र आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

तपशिल

१. नेपाली नागरिकताको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि।
२. जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपि तथा घरजग्गा तिरो तिरेको रसिद प्रतिलिपि ।
३. घरमा लगाएको जस्तापाता/निर्माण सामाग्री खरिद गरेको बिल/भरपाई ।
४. निर्माण स्थलको फोटो ।
५. जस्तापाताबाट छाना छाउने लगायत निर्माण कार्य सम्पन्न भएकोले दोश्रो किस्ता वापतको रकम उपलब्ध गराई दिने भनि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. बैक खाता नम्बर

..............................
हरि बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत